# भुजेलको आागनको कालो बट्टा !

**युवराज नयाँघरे**

'जय जय सन्तोषी माता जय जय जय ...' –२०३१ सालको हिउँदे दिनको तातो घामसँगै मेरा कानमा पसेथे यी शब्दहरू । भारतको पूर्वोत्तर असमको एक गाउँ– कोलबारीको भुजेलको आँगनमा पहिलो पटक रेडियोसँग साक्षात्कार भएको थियो । भर्खरै दाइँ गरेर थन्काई नसकेको परालको तातो रापमा हामी तीन-चार किशोर लडीबुडी खेल्दै थियौं । अघिदेखि कालो-कालो बट्टा यताउता छामिरहेका र यसोउसो घुमाइरहेका भुजेलले 'जय जय सन्तोषी माता' पूरै सुन्न दिएनन् । त्यो दिन मेरानिमित्त एउटा अद्भुतको घटना भएथ्यो । एकैछिनमा अरूअरू गीत पनि आए त्यै कालो बट्टाबाट । अझ चकाचौंध त म त्यतिखेर भएँ, जब भुजेलले "केटा हो अब मैले भनेको गीत आउँछ !" भने र नभन्दै 'ओ मुकद्दर का सिकन्दर' गीत आयो ।

त्यस दिन मेरालागि रहस्यको पत्रे-संसार तयार भएथ्यो । बेलुकी पितालाई सोध्दा भन्नुभएथ्यो– "त्यो बट्टामा सानासाना मान्छे हुन्छन्, तिनैले बोलेका स्वर बाहिर आउँछ ।" रेडियोबारेको पहिलो देखादेख र भेटघाटले मलाई अनौठो रोमाञ्च

र रहस्यको धिङधिङ्याइँले पछिसम्म लखेटयो । मेरो मनमा एउटा भोक र तिर्खा थियो– "ती साना मान्छेहरू नभेटी भएन !" अनि त निकै दिनसम्म भुजेलका घर वरिपरि डुलन्ते जासुस भा'थेँ म । तर ती साना मान्छेसँग भेटघाट पटक्कै भएन ।

बाल्यकाल धेरै नै फिरन्ते बन्यो मेरो । इलामको नाम्सालिङमा जन्मे पनि लगत्तै असममा मामाघरमा बस्न पुगेँ म । करिब तीनचार वर्ष त्यहाँ बसेर फर्केपछि काँकडभिट्टामा ठूलोबाकहाँ बस्न थालेँ । २०३७ सालतिर इलामबाट मेरो परिवार बसाइँ सरेर बिर्तामोडको चारपानेमा आयो र म पनि परिवारसँगै बस्न थालेँ । २०३६ सालको आसपासतिर म काँकडभिट्टामा थिएँ । जनमत सङ्ग्रहताका बहुदल र निर्दलका पक्षमा निस्केका जुलुसहरूले राजा मास्ने कि राजा राख्ने भन्ने नाराहरू उरालेको सम्झन्छु म । तीनचार कक्षामा पढ्ने हामी मसिना विद्यार्थीहरूलाई एक थरी आएर चकलेट दिन्थे र पसल बन्द गर्ने उनीहरूको अभियानमा सामेल गराउँथेँ । अनि त्यसको लगत्तै फेरि अर्का थरी आएर त्यसैगरी पसल खोल्ने जुलुसमा सरीक गराउँथे ।

रेडियोसँग बढ्ता हिमचिम २०३६ सालको सुरुदेखि नै भयो मेरो । किनभने त्यति नै बेला ठूलोबाकहाँ रेडियो आयो, फिलिप्सको । ठूलोबा बिहानको छ नबज्दै रेडियो खोल्नुहुन्थ्यो- टुँ … धुन, चर्को स्वरमा । हामी भुराहरू त्यो धुनबाट यति अभ्यस्त भयौँ कि त्यो धुन आएपछि हामीलाई बिहानी भएको थाहा हुन्थ्यो । तर रेडियोलाई धेरैपछि मात्र मैले नजिकको साथी बनाएको हुँ । रेडियो नेपालको प्रसारणमा बिहान सातबजे दुर्गानाथ शर्मा र साँझको जिल्ला समाचारमा शरदराज गौतमका आवाजमा पाइने ओजपूर्णता र निखारले म निकै तानिन्थेँ । मोटो स्वरमा पढिएका समाचारले मलाई समाचार वाचक बन्ने सपनातिर डोऱ्यायो निकै समय ।

म काँकडभिट्टामा छँदा छिमेकमा एक थारू थिए, तिनको कानमा हमेशा हुन्थ्यो फुच्चे रेडियो । एक पटक उनीबाट थुतेर मैले सुनी पनि हेरेँ । तर कल्याङमल्याङको आवाज ठ्याम्मै बुझिनँ । पछि थाहा भो, त्यो क्रिकेट कमेन्ट्री रहेछ । मेरा मामा पनि कानमा रेडियो राखेर बस्ने गरेको मैले मज्जाले देखेको हुँ । उहाँ फुटबलको कमेन्ट्री सुन्न मन पराउनुहुन्थ्यो । एक पटक मोहन बगान टीम र सिक्किम- ११ बीचको म्याचमा मोहन बगान टीम हार्न पुगेको खबर रेडियोबाटै सुनेपछि मामाको हातको तातो चिया उत्तेजनावश पोखिँदा मेरो घुँडो खुइलिएथ्यो । त्यसपछि धेरै दिनसम्म रेडियो, मामा र मेरो सँगै भेटघाट भएन ।

२०३६ सालको आसपासतिर अल इण्डिया रेडियोबाट भारतीय गोर्खा राइफल्समा कार्यरत सिपाहीहरूले नेपालमा रहेका आफ्ना परिवारलाई पठाउने

सन्देश प्रसारण हुन्थ्यो । त्यो कार्यक्रम निकै रुचिपूर्वक सुन्थेँ म । त्यसमा प्रस्तुत गरिने शैली हामीहरू स्कूलमा नक्कल समेत गर्थ्यौं । सिपाहीहरूले अघिपछि तन्किने र ‘स्यालुट’ गर्ने शैलीको बोलीलाई स्कूलको प्रतियोगितामा प्रस्तुत गर्दा हामी पुरस्कृत पनि हुन्थ्यौं । हाम्रो यो नक्कल प्रतियोगितामा मात्र सीमित थिएन । यदाकदा कक्षामा आउनुहुने नारायण हेडसरका हातबाट हाम्रा गाला पनि रन्किन्थे । त्यसको कारण थियो– लाहुरेहरूको बढ्ता ‘सम्चार’ लगिदिने नक्कलले कक्षालाई ठूलै असर गरिरहेको हुन्थ्यो । अर्थात् हामी सबैजना रेडियोबाट प्रसारित त्यो शैली बोल्न तँछाडमछाडमा हुन्थ्यौं ।

रेडियो खर्साङ प्रायः पूर्वतिर सुन्ने गरिन्छ । त्यो स्टेसनबाट प्रसारण हुने ठेट गीतहरूले मेरो गीति तिर्सना पूरा गर्न सघाएको मानेको छु । मेलवादेवी, रानुदेवी, तारादेवी, दिलमाया, नारायण गोपाल र डेजी बराइलीहरूका आवाज निकै सुनिन्थे त्यसताका । रेडियो नेपालबाट राती आठ बजेपछि बज्ने कार्यक्रम थियो- *बाह्य सेवाको कार्यक्रम* । यो कार्यक्रम पूर्णतः अङ्ग्रेजीमा प्रसारण हुन्थ्यो । पिताजी भन्नुहुन्थ्यो– “अङ्ग्रेजी सुधार्ने भए यो कार्यक्रम सुन ।” सुन्न त सुन्थेँ तर नबुझिने कारणले त्यो कार्यक्रम पूरै भने कहिल्यै सुनिएन । त्यो कार्यक्रमको एउटा विशेषता थियो, हरिश (माइकल) चन्दको स्वर ज्यादै मोहक थियो । भाषा नबुझे पनि उच्चारण कलाकै कारण हरिश चन्दले चलाएको कार्यक्रम धेरै पछिसम्म सुनेँ मैले । अनौठो सङ्गीत र चन्दको मोटो स्वरमा कार्यक्रमको मोहकता बेग्लै र आकर्षक लाग्थ्यो ।

गाउँमा हाम्रो ज्ञान, पत्रिका, सूचना र विद्यालयको अनन्य स्रोत थियो- रेडियो । २०३६ सालपछि राजनीतिक वातावरणमा परिवर्तन आयो र त्यसबाट रेडियो सुन्ने बढ्ता चेतना आएको अनुभूति मलाई भएको छ । रेडियो श्रोता क्लब समेत बनाइएको सम्झना छ मलाई । खासगरी सानोतिनो घटना भइहाल्दा पनि बीबीसी सुन्न गाउँलेहरू जुट्ने गर्थे, राती नौ बजेतिर । गाउँमा भनिन्थ्यो– “साँचो बोल्ने बीबीसी मात्र हो ।”

चारपानेमा आएपछि रेडियो सुन्ने क्रम पनि मजाले बढ्यो । एकपटक मामासँग गाई चराउन गोठालो गइयो । मामाले कपडाको खोलमा हाल्नुभएको रेडियो मलाई बोक्न लगाउनु भएथ्यो । मैले बोक्नको अल्छीले रेडियो राँगाको सिङमा झुण्ड्याइदिएँ । आफ्नै सुरमा हिँडिरहेको राँगो त बेतोडले दौडेर अदुवाखोलाको बगरमा अर्को कौडे राँगोसँग जुध्न पुगेछ । अनि त रेडियो फुटेर चकनाचुर ! उता मामा रिसाएर छुट्टी । दिउँसो प्रसारण हुने नाटक सुन्न नपाएको रनाहामा मेरो धुलाइ भएथ्यो त्यो दिन ।

चारपानेपछि हाम्रो बसोबास दमकमा सऱ्यो । हाम्रो घर झापाको पश्चिमी भेगमा भएकाले मोरङको उर्लाबारी बढी पायक पर्ने ठाउँ थियो हाम्रालागि । २०३९ सालतिर म उर्लाबारीस्थित राधिका माध्यमिक विद्यालयमा पढ्दै थिएँ । लोकगायिका कविता आलेका पिताको बसोबास मोरङको दुर्गापुर भन्ने गाउँमा थियो । उनलाई सबैले 'रेडिवाल' भन्थे । कविताको एउटा प्रसिद्ध गीत छ, 'उठी खर काटौँ बसी खर काटौँ' । तिनै कविताका पिता 'रेडिवाल' लाई उर्लाबारीको बजारमा एउटा मान्छेले मज्जाले सर्वत खुवाएको देखेको छु मैले । त्यो 'मान' उनले छोरी रेडियो नेपालमा गीत गाउने भएकाले पाएका थिए । सर्वत ख्वाउनेले कविताको गीतको तारिफ गरीगरी त्यो मीठो पानी ख्वाइरहेको थियो । रेडियोमा बोल्ने वा गीत गाउनेका नातेदारको समेत यत्रो इज्जत ? मभित्र ठूलै हुण्डरी मच्चिएथ्यो त्यसदिन ।

अल इण्डिया रेडियोबाट बज्ने फर्माइस गीतमा निकै पटक पैसा उठाई नाम पठाएको दाबी गर्ने दौँतरीहरू थिए । तर आफ्नो नाम सुन्न पाइएन कहिल्यै । पैसा गुमेकोभन्दा पनि नाम सुन्न नपाएको वेदनाले छाती गह्रुँगो हुन्थ्यो केटाकेटीमा ।

खर्साङ रेडियोको मज्जा के थियो भने रेडियो नेपालपछि धेरै नेपाली भाषामा बोलिने रेडियो स्टेसन त्यै थियो । यता नेपालपट्टि बोलिने उच्चारण र उतापट्टि बोलिने नेपाली भाषाको भिन्नताले गर्दा बेग्लै रौनक र गमक पाइन्थ्यो खर्साङ रेडियोमा । हिन्दी, बङ्गाली र स्थानीय राई लिम्बू भाषिकाबीचको अनौठो तालमेलमा बोलिन्थ्यो खर्साङे बोली । शुद्ध नेपाली र औपचारिक बोलीको प्रवाह हाम्रो रेडियो नेपालको भाषिक वातावरण थियो । खर्साङ रेडियोमा हाम्रातिरका भन्दा अझ झर्रा शब्द र गाउँठाउँका नाउँ सुनिन्थे त्यो भेगका । यो पनि आकर्षणको एक पक्ष थियो तर खासगरी मीठामीठा नेपाली गीतहरू अटुट प्रसारण हुने हुनाले नै म त्यो स्टेसनमा पुऱ्याउन रेडियोको डल्लो घुमाउँथैं ।

अर्को एउटा सन्दर्भ सम्झिरहेको छु । पञ्चायतका आखिरी दिनतिर मैले धनकुटाको उत्तरपानीमा एउटा रमाइलो दृश्य देखेँ । असारे खेतीपातीमा जुटेका एक किसानले जोतिरहेको हलोको अनौमा रेडियो झुण्डयाएर गोरु नारेका थिए- भिरालो गरामा । एकलास ठाउँमा रेडियो बजेको सुनेर अचम्म मानेँ मैले । म धनकुटा जाँदै थिएँ । हिँडेको बाटो हलो जोत्ने कृषकनिर पुग्यो । त्यहाँ पुगेपछि साह्रै खसखस लाग्यो अनि सोधेँ– "तपाईं त गीतको निकै 'फ्यान' हो कि क्या हो ?" उनले लेघ्रो तानेर उत्तर दिएथे– "हैन हैन, बजेट भासन सुन्नलाई रेडियोको जोहो गरेको !" उनीसँग अरू धेरै कुरा भए । मैले वरपर देखिने अग्लाअग्ला थुम्काहरूको नाम सोधेँ । त्यति बेलाका प्रभावशाली पञ्च नेता सूर्यबहादुर थापाको गाउँ

मुगाबारे जान्ने स्वभाविक जिज्ञासा उब्ज्यो ममा । अनि मुगा कता पर्छ भनेर पनि सोधेको थिएँ मैले । उनले मुगाली काजी (सूर्यबहादुर थापा) कै आँगनमा पोहोर साल देवाली पूजामा तीनसय पैँसट्ठी बोका ढलाएको कुरा बताए । अनि म उभिएको ठाउँको ठीक उत्तरपट्टिको थुम्को नाघेर गएपछि भेटिने खोंच नै मुगा हो भनेर पनि औँल्याए । आफ्नो घर एक बिहानको बाटो भएकाले त्यो दिन प्रसारण हुने बजेट भाषण सुन्न रेडियोको व्यवस्था गरेका रहेछन् उनले । हिलोमैलोमा डुबेको एक करुण अनुहारको कृषकले रेडियोमार्फत प्रसारण हुने बजेटप्रति राखेको चासो देखेर अभिभूत भएँ म ।

सन्तोषी माताको भजन सुनेदेखि आजपर्यन्त रेडियो मेरालागि नजिकको सङ्गाती भएको छ । दृश्यभन्दा आवाजबाट मस्तिष्क कम तनावपूर्ण हुन्छ जस्तो लाग्छ । यसैले बेलुकाको एक डेढघण्टा मात्र टेलिभिजनको नजिक हुन्छु म । अन्यथा दिनको प्रारम्भ बिहानको एफएमले दिने समाचारसँगै हुने गर्छ । रेडियो समयका मनग्गे जँघार तरेर बढी जनमुखी र समाजमुखी भइरहेको प्रमाण पाइरहेछु दिनानुदिन । त्यसो त मानिसहरूले भने पनि– “रेडियो नेपालमा प्रजातन्त्र आएकै छैन । उता एफएमहरूमा भने नातिनातिनाका पनि नातिनातिनाहरू हुर्किबढिसके ।” २०४६ सालपछिको नेपाली सञ्चारबारेको टिप्पणी र चासो गाउँमा समेत अहिले यही छ । एउटा नजानिँदो अविश्वास र शङ्कास्पद स्थिति रेडियो नेपालले पालेकै छ ।

सूचनाको बलियो र प्रभावशाली साधन बनेको रेडियोको नयाँ बान्की र नवीन स्वरूपले स्थान बनाइरहेको अनुभूत हुन्छ । सामुदायिक रेडियोले फड्को मारेकै छन् तर केन्द्रीय प्रसारणको काँचुली फेरिइनसकेको कुरो बताउन असजिलो लाग्दै लाग्दैन ।